# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८) पञ्चकन्या, पौष महिना २९ गते, २०८१ साल (संख्याः ७**


**भाग–२**

# गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**पृष्ठभुमी**

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी पञ्चकन्या गाँउपालिकाको कार्य क्षेत्रभित्र व्यवसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्दि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ।ट्याक्टर जस्ता आधुनिक कृषि प्रविधिहरुको बिकासले किसानहरुको समय र उर्जाको बचत सँगै उत्पादन तथा उत्पादकत्व बृद्दि गर्न महत्वपुर्ण भुमिका खलेको छ।प्रविधिको आगमन भन्दा अगाडी कृषकहरु कामदार व्यवस्थापन गर्ने सकसको कारण आफ्नो उर्वर जमिन बाझो छोड्न बाध्य हुनुपर्ने अवस्था थियो तसर्थ सुरुवातमा यस्ता प्रविधिहरु किसानका लागी बरदान सावित भएको थियो।

आधुनिक प्रविधिले मारेको फड्को सँगै कृषिमा उपकरणबाट भित्र्याइएका समस्या जस्तै गोठेमलको अभाव , चरणमा आएको चुनौती, रासायनिक मलको प्रयोगबाट माटोको उर्वराशक्तिको ह्रासलाई न्यूनिकरण गर्न पशुपालन ब्यवसायलाई प्रोत्साहन गरी प्राङगारिक मल एवम् ट्याक्टरको विकल्पको रुपमा रहेको गोरुको प्रयोगमा जोड दिदै गाउँमै रोजगारी सिर्जना गराउन, माटोमा हुने इन्धन चुहावट रोक्न साथै गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ तयार गरिएको छ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ

- **यो कार्यविधिको नाम**: "गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।
- यो कार्यविधि पञ्चकन्या गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

### २. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यवधिमा

- कार्यक्रम: भन्नाले गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई सम्झनु पर्दछ।
- गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रमको लागी कृषकको न्युनतम योग्यता: भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रममा सहभागिताका लागी न्यूनतम मापदण्डलाई सम्झनु पर्दछ।
- समिति: भन्नाले यसै कार्यविधि परिच्छेद २ दफा ५ अन्तर्गत रहेको समिति लाई सम्झनु पर्दछ।
- कार्यालय: भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
- कृषक: भन्नाले गोरु पाल्ने कृषकलाई सम्झनु पर्दछ।

**३. कार्यक्रम संचालनको उद्वेश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्वेश्य देहाय बमोजिम हुनेछ।

- पञ्चकन्या गाउँपालिका भित्र रहेर गोरु पाल्दै आउनुभएको कृषकहरुको तथ्याङ्क संकलन गर्ने।

- कृषकहरुको योगदानलाई सम्मान गर्ने।
- कृषि तथा पशु पेशालाई आकर्षक एवम् सम्मानित पेशाको रुपमा विकास गर्न सहयोग पुर्याउने।
- कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी पशुपालनलाई व्यवसायिक बनाउन सहयोग पुर्याउने।
- कृषकहरुको मनोवल उच्च राख्न सहयोग पुर्याउने।
- शिक्षित युवाहरुलाई पशुपालन तर्फ आकर्षित गर्न सहयोग पुर्याउने।

## परिच्छेद २

### ४. गोरु पाल्ने कृषक छनोट विधि

- पञ्चकन्या गाउँपालिका को कार्यक्षेत्र भित्र रहेर गोरु पाल्दै आउनु भएको किसानहरुको छनोट गर्नको लागी ५ वटै वडा कार्यालयमा आ आफ्नो वडा भित्र गोरु पाल्दै आउनु भएका कृषकहरुको नामावली संकलन गरी गाउँपालिकामा पठाउन पत्राचार गरीनेछ।
- वडा कार्यालय र तहाँ रहेको पशु प्राविधिकहरुबाट सिफारिस भइ आएको कृषकहरुको नामावली र निवेदनको थप अध्ययन गरी गाउँपालिकामा रहेको छनौट समितिद्वारा अन्तिम नामावली प्रकाशन गरिनेछ।

### ५. छनौट समिति

पञ्चकन्या गाउँपालिकामा गोरु पाल्ने कृषक छनौट समिति निम्न बमोजिम रहने छ।

| | |
|---|---|
| • गाउँपालिका अध्यक्ष | संयोजक |
| • गाउँपालिका उपाध्यक्ष | सदस्य |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| • आर्थिक बिकास समितिको संयोजक | सदस्य |
| • संयोजकले तोकेको कार्यपालिका सदस्य | सदस्य |
| • पशु सेवा शाखा प्रमुख | सदस्य |
| • कृषि बिकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार संयोजकको निर्देशन अनुरुप सदस्य सचिवले बैठकमा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ

### ६. समितिको काम, कर्तव्य र अधिकार

- वडा कार्यालय र पशु प्राविधिकहरुबाट सिफारिस भएर आएका कृषकहरुलाई समितिले पुन अनुगमन गरी छनोट गर्नु पर्ने,
- प्रोत्साहन तथा पुरस्कारको अन्तिम निर्णय सम्बन्धित छनोट समितिले गर्नु पर्ने,

- छनोट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय पञ्चकन्या गाउँपालिकामा रहेको गोरु पाल्ने कृषक छनौट समितिले तथ्यगत निर्णय गर्ने छ।

**७. विविध**

कार्यक्रम संचालनको समन्वय पञ्चकन्या गाउँपालिकाको कृषि विकास शाखा तथा पशु सेवा शाखाले समन्वयकारी भुमिका निर्वाह गर्नेछ।

## अनुसूची १

**गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रममा सहभागिताका लागी न्यूनतम मापदण्ड**

- कम्तिमा १ हल गोरु
- स्वस्थ र निरोगी हुनुपर्ने

## अनुसूची २

**गोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मिति:

श्रीमान् कार्यालय प्रमुख ज्यू
पञ्चकन्या गाउँपालिका
लाकुरीभञ्ज्याङ नुवाकोट।

बिषय: कार्यक्रममा सहभागी गराई पाउँ ।

यस गाउँपालिकाको मिति ......................................... को सार्वजनिक सूचना अनुसारको..............................कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकोले अनुसूची ३ बमोजिमको मेरो व्यक्तिगत विवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुठा ठहरिए कानुन बमोजिम सहुला बुझाउला।

निवेदक नाम :

दस्तखत :

ठेगाना :

मोवाईल नं. :

# अनुसूची ३
## (व्यक्तिगत विवरणको ढाचाँ)

कृषकले पेश गर्नुपर्ने निवेदन फारम (नमुना)

१. कार्यक्रममा सहभागी हुने कृषकको नाम:

२. जन्मस्थान र जन्म मिति:

फोटो

३. सहभागीको स्थायी ठेगाना:

४. पत्राचार ठेगाना:

५. पशुको संख्या - गोरु

| क.सं. | उमेर- बर्ष | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ०-१ | | |
| २ | १-२ | | |
| ३ | २ भन्दा माथी | | |

६. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | पशु सेवा कार्यालयसँग सम्पर्क/ समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | पशुधन बिमा कार्यक्रममा | | | | |
| ४ | कार्यक्रम/ आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५ | प्राविधिकसँगको सम्पर्क स्थिति | | | | |

७. माहामारी जन्य रोग बिरुद्व खोपको अवस्था

| क.सं. | रोगको नाम | खोप लगाइएको | खोप नलगाइएको |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | खोरेत | | |
| २ | लम्पी स्कीन | | |
| ३ | अन्य | | |

८. आन्तरीक/बाहिय परजिवि बिरुद्ध औषधी (प्रत्येक ४ महिना )

| क्र.सं. | परजिवि | खुवाइएको/लगाइएको | नखुवाइएको/नलगाइएको |
|---|---|---|---|
| १ | नाम्ले ,जुका आदी | | |
| २ | जुम्रा, किर्ना आदी | | |

**आज्ञाले**

**कृष्णहरि पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**